# सम्माननीय प्रधान न्यायाधीश **श्री रामकुमार प्रसाद शाह**ज्यूको कार्यकालमा भएका मुख्य-मुख्य कार्यहरुको समीक्षा

## १. प्रधान न्यायाधीशको पदबहाली

- संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाई पूरा गरी सम्माननीय राष्ट्रपतिज्यूबाट २०७१ असोज २४ गते नेपालको प्रधान न्यायाधीशमा नियुक्त भई सोही दिन राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरी सर्वोच्च अदालतमा आई प्रधान न्यायाधीश पदमा बहाली गर्नुभएको ।

## २. पदबहाली पश्चात् व्यक्त प्रतिबद्धता

- पदबहाली लगत्तै सोही दिन सञ्चारकर्मीहरुसँगको अन्तरक्रियामा र तत्पश्चात् विभिन्न मितिमा उपत्यकाका विभिन्न तहका अदालतमा कार्यरत माननीय न्यायाधीशहरु, महान्यायाधिवक्ता एवं सरकारी वकिलहरु, वरिष्ठ अधिवक्ताहरु, अधिकृत एवं कर्मचारीहरु तथा सरोकारवाला निकायका विभिन्न व्यक्तिहरुसँग सर्वोच्च अदालतमा भेट गरी निम्न प्रतिबद्धता व्यक्त गर्नुभएको थियो :

- न्यायालयको छवि उकास्न सरोकारवाला सबैको सहकार्य आवश्यक भएकाले नेपाल सरकार, बार, न्यायाधीशहरु, कर्मचारीहरु एवं न्यायका उपभोक्ताको सकारात्मक सहयोगबाट नेपालको न्यायालयलाई विश्वस्तरको न्यायालयमा पुऱ्याउन प्रयास गर्ने,
- न्यायालयमा सूचना प्रविधिको व्यापक प्रयोग गरी शीघ्र न्याय सम्पादनमा सहयोग गर्न अदालतका हरेक कामकारवाहीमा कम्प्यूटर र सूचना प्रविधिको प्रयोग गर्ने । कम्प्यूटरबाट तारिख, अनलाइन म्याद तामेली, मुद्दामा भएको कामकावाही बारे पक्षले इ-मेल वा एस.एम.एस.बाट जानकारी पाउने व्यवस्था मिलाउने प्रबन्ध गर्ने,
- सबै अदालतहरुमा दैनिक पेशी सूची दिनको १० बजे प्रकाशन गरिसक्ने र १०:३० देखि ११:०० बजेभित्र इजलासको कारवाही प्रारम्भ गर्ने व्यवस्था मिलाउने र उक्त कार्यको सर्वोच्च अदालतबाट निरन्तर अनुगमन गर्ने,
- अदालतको कामकारवाहीमा Less paper को प्रयोग गर्दै Paperless Court बनाउने,
- बार र बेञ्चबीच सहकार्य कायम गर्दै आ-आफ्नो क्षेत्रबाट आत्म मूल्याङ्कन गर्ने र व्यावसायिक एवं सँस्थागत सम्बन्ध सुमधुर र प्रगाढ बनाउँदै जाने,
- इजलासमा बहस व्यवस्थापन गर्ने र Lead Lawyer को अवधारणा लागु गरी शीघ्र न्याय सम्पादनको कार्य सम्पन्न गर्न बारसँग सहकार्य गर्ने,
- न्यायपलिकाको छवि उकास्न, अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्न तथा सरल र छिटोछरिटो न्याय सम्पादन गर्न समयानुकूल सुधारका कार्यक्रमहरु अघि बढाउने,
- अदालतप्रति जनआस्था बढाउन र न्यायमा सहज पहुँच पुऱ्याउन अदालतका हरेक कामकारवाहीमा सेवाग्राहीले न्यायको अनुभूति हुने वातावरण निर्माण गर्ने,

- अदालतमा अनियमितता, भ्रष्टाचारका विषयमा शून्य सहनशीलताको नीति अपनाउने र स्वच्छ, शीघ्र न्याय सम्पादन सुनिश्चित गर्न विगतका कमी कमजोरीलाई निरन्तर सुधार गर्दै लैजाने,
- कुनैपनि न्यायाधीशहरु अदालत सञ्चालन हुने समयमा गोष्ठी, सभा सम्मेलनमा नजाने,
- यस आर्थिक वर्षभित्र ५ वर्ष पूराना सबै मुद्दाहरु फछ्र्यौट गर्ने,
- नयाँ संविधान निर्माणका क्रममा न्यायपालिको स्वतन्त्रता सुनिश्चितताका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने,
- अदालतमा जनशक्ति पूर्ति गर्न न्यायाधीश एवं अधिकृतहरुको नियुक्ति, सरुवा, बढुवा र पदस्थापनको कार्यलाई यथा समयमा सम्पन्न गर्ने,
- इजलासको कारवाहीलाई निश्चित गरी ११ बजेदेखि पूरा समय इजलासमा न्याय सम्पादनको कार्यमा न्यायाधीशलाई लगाउने,
- न्यायाधीशहरुको आचार संहिता पालनाको स्थितिलाई सर्वोच्च अदालतबाट अनुगमन गर्ने र कार्यकुशलता र पेशागत क्षमता अभिबृद्धि गर्दै लैजाने,

## ३. थालनी भएका मुख्य कामकारवाही

### ३.१ पेशी तथा इजलास व्यवस्थापनमा नियमितता

- सर्वोच्च अदालतलगायत देशभरका सबै अदालतहरुको दैनिक पेशी सूची बिहान ठीक १०:०० बजेसम्म प्रकाशित गरी पुनरावेदन तथा जिल्ला अदालतहरुमा १०:३० बजे तथा सर्वोच्च अदालतमा ११:०० बजे इजलासको कारवाही प्रारम्भ हुने गरेको,
- सर्वोच्च अदालतलगायत सबै अदालतहरुबाट नियमानुसार आगामी हप्ताको साप्ताहिक पेशी सूची अघिल्लो हप्ता नै प्रकाशित हुने गरेको,
- दैनिक पेशी सूचीमा चढी सुनुवाई भएका मुद्दाहरुको स्थिति विवरण (Case Status Details) सम्बन्धित अदालतका इजलास अधिकृतबाट तत्काल वेबसाइटमा जनाई मुद्दाको फैसला एवं आदेशको जानकारी दिने गरिएको,
- इजलासको काम कारवाहीका लागि निर्धारित समयमा असर पर्ने गरी माननीय न्यायाधीशहरुलाई अन्य काममा नखटाई न्यायाधीशहरुको अधिकांश समय न्याय सम्पादनमा लगाइएको,
- सर्वोच्च अदालतलगायत अन्य अदालतहरुबाट मुद्दा फछ्र्यौटमा उल्लेख्य बृद्धि भएको,

### ३.२ न्यायिक सदाचार, अनुगमन, निरीक्षण, सुपरीवेक्षण, गुनासो व्यवस्थापन र समसामयिक सुधार

- पेशी सूची व्यवस्थापन तथा इजलासको समय व्यवस्थापन सम्बन्धमा निजी सचिवालयबाट निरन्तर अनुगमन भइरहेको,
- न्यायाधीशहरुको आचारसंहिताको पालना सम्बन्धमा नियमित अनुगमन भएको,
- सेवा प्रवाहसम्बन्धी उजूरी र गुनासो सुनुवाईमा विशेष जोड दिइएको
- सर्वोच्च अदालत र काठमाडौं उपत्यकास्थित विभिन्न अदालतहरुको कामकारवाही एवं गतिविधिहरुको सीसीटीभी क्यामरामार्फत् निगरानी एवं अनुगमन भएको,
- पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरुबाट आफ्नो र मातहत अदालतमा कार्यरत न्यायाधीशहरुको आचार संहिताको कार्यान्वयन स्थिति, कार्यसम्पादनको स्तर, कार्यरत

जनशक्ति र अदालतको भौतिक अवस्था लगायतका विषयमा आवधिक रुपमा प्रतिवेदन लिई आवश्यक सम्बोधन गर्ने गरिएको,

- न्याय सम्पादनमा गुणस्तरियता कायम गर्नका लागि विशेषज्ञ एवं अन्य साक्षीको बकपत्र गराउँदा न्यायाधीशहरुलाई सक्रिय रुपमा सहभागी हुन निर्देशन दिइएको,
- न्याय सम्पादन कार्यलाई छिटोछरितो बनाउनका लागि जिल्ला अदालतहरुमा तोकिएका मुद्दाहरुको हकमा निरन्तर सुनुवाई हुने व्यवस्था भएकोमा सोलाई प्रभावकारी बनाउन निर्देशन दिई समय समयमा अनुगमन भइरहेको,
- पुनरावेदन अदालत बुटवल, पुनरावेदन अदालत जनकपुर, पुनरावेदन अदालत राजविराज, पुनरावेदन अदालत हैटौंडा, पुनरावेदन अदालत पाटन तथा यी पुनरोवदन अदालतहरुका मातहत जिल्ला अदालतहरुको विभिन्न मितिमा अवलोकन एवं निरीक्षण गरी स्थानीय समस्याहरुका बारेमा वस्तुगत जानकारी लिई त्यहाँका समस्या सम्बोधन गर्नेतर्फ अग्रसरता लिइएको,
- सम्माननीय प्रधान न्यायाधीशज्यूले सेवाग्राहीसँग नियमित रुपमा प्रत्यक्ष भेट गरी सेवा प्रवाह सम्बन्धमा रहेका गुनासोहरुको जानकारी लिने र सम्बोधन गर्ने कार्यको थालनी गरिएको,

### ३.३ मुद्दा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग र क्षमता अभिबृद्धि/मुद्दा प्रवाह व्यवस्थापन सुधारमा विशेष पहल

- सर्वोच्च अदालतको सूचना प्रविधि महाशाखामा कार्यरत प्राविधिक तथा अदालतका अधिकृतहरुको सहभागितामा न्यायपालिका आफैले नजीरको खोजी, मुद्दाको टिपोट, एसएमएस सेवा, अनलाइन म्याद तामेली तथा अनलाइन तारेख प्रदान गर्न विभिन्न सफ्टवेयरहरुको निर्माण गरेको,
- मुद्दाका पक्षले सर्वोच्च अदालतमा दायर भएका मुद्दाहरुको तारेख आफूलाई पायक पर्ने नजिकको जिल्ला अदालतबाट लिने व्यवस्थाका लागि अनलाइन तारेख सम्बन्धी सफ्टवेयरको प्रयोग गरी सर्वोच्च अदालतमा दर्ता भएका मुद्दाहरुको तारेख पुनरावेदन अदालत पाटनसमेत गरी १० वटा पुनरावेदन र ३० वटा जिल्ला अदालतहरुबाट लिन सकिने व्यवस्था लागू गरिएको,
- मुद्दाको कारवाही सम्बन्धी सफ्टवेयरको प्रयोग गरी मुद्दाका पक्षहरुले मोबाइल फोन (एसएमएस) वा इमेलमार्फत् आफ्नो मुद्दामा भएको कारवाहीको अवस्था, आदेश वा फैसलाको प्रकृति, पेशीको जानकारी जुनसुकै स्थानबाट लिन सकिने सुविधा उपलब्ध गराइएको,
- अन्य जिल्लामा रहेका मुद्दाका पक्षहरुको नाममा सर्वोच्च अदालतबाट जारी भएको म्याद सर्वोच्च अदालतले सफ्टवेयरमार्फत् सम्बन्धित अदालतमा पठाए पश्चात् त्यस्तो अदालतले म्याद डाउनलोड गरी तामेली समेत गरी तामेली प्रति सफ्टवेयर मार्फत नै सर्वोच्च अदालतमा पठाउने व्यवस्था मिलाइएको,
- सर्वोच्च अदालतमा Information Display Board जडान गरी सोमार्फत् सेवाग्राहीलाई अदालत सम्बन्धी विभिन्न सूचना एवं जानकारी प्रवाह गर्ने कार्यको थालनी गरिएको,
- सबै अदालतहरुमा इन्टरनेटको गति Bandwith बृद्धि गरिएकोले इन्टरनेटमार्फत् हुने आन्तरिक काम कारवाही छिटो छरितो गर्न सहयोग पुगेको,
- हालसम्म प्रत्येक पुनरावेदन अदालत र केही जिल्ला अदालतमा मात्र सूचना प्रविधि सम्बन्धी प्राविधिक कर्मचारी रहेकोमा अब सबै अदालतहरुमा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक कर्मचारी रहने व्यवस्था गरी सूचना प्रविधिको कार्यलाई प्रभावकारी बनाउने नीति अख्तियार गरिएको,

- सर्वोच्च अदालतको आफ्नै पहलमा मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धी सफ्टवेयर तयार गरिएको र यसको प्रयोगमार्फत् मुद्दा प्रवाहको प्रभावकारी अनुगमन गर्ने कार्यमा सहयोग पुगेको,
- समयसापेक्ष रुपमा कार्यविधि सुधारका लागि सर्वोच्च अदालत नियमावलीमा आवश्यक परिमार्जन गर्ने प्रक्रिया शुरु भएको,
- सर्वोच्च अदालतमा दायर भएका पुराना मुद्दाहरुको टिपोट सहितको विद्युतीय प्रति तयार गरी मुद्दा प्रवाह व्यवस्थापन, मुद्दा सुनुवाई व्यवस्थापन र फैसला लेखन कार्यमा शीघ्रता ल्याउन विशेष पहल गरिएको,
- सूचना प्रविधिको प्रयोग गरी न्याय सेवालाई आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने सफ्टवेयर निर्माण, कम्प्यूटर लगायतका उपकरणहरुको खरिदका लागि अर्थ मन्त्रालयसँग समन्वय गरिएकोमा थप बजेट उपलब्ध भएको,
- सर्वोच्च अदालत, सम्पूर्ण पुनरावेदन अदालतहरु र २२ जिल्ला अदालतहरुमा कर्मचारीहरु कार्यालय आउँदा र जादाँको रेर्कड रहने गरी इ-हाजिरी लागू गरि सकिएको छ भने बाँकी जिल्ला अदालतहरुमा पनि इ-हाजिरी लागू गरिने छ ।

### ३.४ सर्वोच्च अदालतमा पुराना मुद्दा फछ्र्यौटमा प्राथमिकता

- सर्वोच्च अदालतमा रहेका पुराना मुद्दाहरुलाई प्राथमिकता दिई फछ्र्यौट गर्नका लागि पेशी व्यवस्थापनमा सुधार गरिएको,
- पदभार ग्रहण गरेको दिन २०७१ आश्विन २४ गतेसम्म ५ वर्ष नाघेको मुद्दा संख्या ५८३ रहेकोमा मिति २०७१ असार १५ गतेसम्म पाँच बर्ष नाघेका मुद्दाहरु २९६ थान फछ्र्यौट भई कार्ययोजनाले निर्धारण गरेको लक्ष्यभन्दा बढी प्रगति भएको,
- सर्वोच्च अदालतमा आ.व. २०७१/७२ जेठ मसान्तसम्म मुद्दाको लगत २७२७२ रहेकोमा ५६८० फछ्र्यौट भई २१५०२ मुद्दा बाँकी रहेको देखिन्छ । जसमध्ये दुई बर्ष नाघेका मुद्दाका सख्या ८६१० मात्र बाँकी रहेको,

### ३.५ पुनरावेदन तथा जिल्ला अदालतहरुमा मुद्दा फछ्र्यौटको अवस्था

- आ.व. २०७१/७२ जेठ मसान्तसम्म पुनरावेदन अदालतहरुमा जम्मा ३८५२९ थान मुद्दाको लगत रहेकोमा २२०१९ मुद्दा फछ्र्यौट भई १६५१० मुद्दा बाँकी रहेको देखिन्छ । यस मध्ये २ बर्ष नाघेका मुद्दाको संख्या जम्मा ३२१ मात्र बाँकी रहेका,
- आ.व. २०७१/७२ जेठ मसान्तसम्म जिल्ला अदालतहरुमा १०७९७६ मुद्दाको लगत रहेकोमा ६५१८४ मुद्दा फछ्र्यौट भई जम्मा ४२७३९ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको,
- जिल्ला अदालतहरुमा गत आर्थिक वर्षमा दुई वर्ष नाघेको मुद्दाको संख्या ३,२३९ रहेकोमा यस आर्थिक वर्षको जेठ मसान्तसम्म दुई वर्ष नाघेको मुद्दाको संख्या ८५७ मात्र बाँकी रही उल्लेख्य प्रगती भएको,

### ३.६ फैसला कार्यान्वयन विशेष अभियान

- प्रधान न्यायाधीशको पदबहाली गर्ने बित्तिकै फैसला कार्यान्वयन विशेष अभियान सञ्चालन गर्ने निर्णय गरी उक्त निर्णय कार्यान्वयनका लागि सात दिनभित्र निर्देशिका तयार गरी सर्वोच्च अदालतको पूर्ण बैठकको २०७१ आश्विन ३० गतेको निर्णयबाट पारित फैसला कार्यान्वयन विशेष अभियान सञ्चालन निर्देशिका, २०७१ मिति २०७१ कात्तिक १ देखि लागू भएको,
- निर्देशिका बमोजिम अदालतका कर्मचारी र प्रहरीको संयुक्त टोली खटाई १६ जिल्लामा फैसला कार्यान्वयन सम्बन्धी विशेष अभियान सञ्चालनमा रहेको,

- सो विशेष अभियान अन्तर्गत हालसम्म कैद लागेका ६८२ जना, जरिवाना लागेका ४४१९ जना र पुरानो लगतबाट ८४६ जना समेत गरी जम्मा ५९४७ जना पक्राउ भई जम्मा २७४७ वर्ष ४ महिना २५ दिन कैद फछ्र्यौट भएको, छ ।
- त्यसैगरी जरिवानातर्फ जम्मा रु.१६,२३,४७,१२३।२२ (सोह्र करोड तेइस लाख सच्चालीस हजार एक सय तेइस रुपैयाँ बाइस पैसा असूल भएको, जसमध्ये चार करोड (४,००,००,०००।)नगदै असूल भएको,

### ३.७ सायंकालीन अदालतको सेवा प्रारम्भ

- २०७१ मंसिर ६ गते काठमाण्डौ जिल्ला अदालतको नवनिर्मित भवनको समुद्घाटनको क्रममा सेवाग्राहीलाई अतिरिक्त समयमा पनि सेवा उपलब्ध गराउने प्रयोजनार्थ सायंकालीन अदालत सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त भएअनुरुप २०७१ मंसिर ७ गतेदेखि काठमाण्डौ जिल्ला अदालत र ललितपुर जिल्ला अदालतमा र तत्पश्चात् रुपन्देही र बाँके जिल्ला अदालतमा सरकार वादी फौजदारी मुद्दाको अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्तिलाई थुनामा राख्ने, म्याद थप र अधिकृत वारेसनामा प्रमाणित गर्ने कार्य गर्न सायंकालीन अदालतको सञ्चालन गरी अतिरिक्त समयमा समेत सेवाग्राहीलाई सेवा प्रदान गर्ने कार्यको थालनी गरिएको,

### ३.८ न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७१ सम्पन्न

- प्रत्येक ३ वर्षमा हुनुपर्ने न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन वि.सं.२०६५ साल पश्चात् हुन नसकेकोमा २०७१ मंसिर १ देखि ३ गतेसम्म काठमाण्डौंमा न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७१ सम्पन्न भएको,
- सम्मेलनले भावी संविधानमा गरिनुपर्ने न्याय प्रणालीसम्बन्धी व्यवस्थाहरुको सम्बन्धमा प्रस्ताव पारित गरी संविधान सभामा संस्थागत सुझावका रुपमा प्रस्तुत गरेको,

### ३.९ बहस व्यवस्थापनको थालनी

- नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनका पदाधिकारी एवं वरिष्ठ अधिवक्ताहरुबीच बहस व्यवस्थापन सम्बन्धमा छलफल भई इजलासको समय व्यवस्थापन, बहसको समय निर्धारण र प्रमुख कानून व्यवसायी अवधारणा (Lead Lawyer Concept) लागू गर्ने कार्यको थालनी गरिएको,
- बहस व्यवस्थापनलाई अभ्यासका रुपमा स्थापित गरी वस्तुगत रुपमा इजलासको समय व्यवस्थित गर्न उच्चस्तरीय बेञ्च-बार समन्वय समिति मार्फत् सम्वाद र छलफलको थालनी भएको,

### ३.१० जनशक्ति व्यवस्थापन (न्यायाधीश नियुक्ति एवं कर्मचारी पदपूर्ति)

- न्यायपालिकाको समग्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि संगठन तथा व्यवस्थापन अध्ययन समिति र कार्य समूहको गठन भई संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य प्रारम्भ गरिएको,
- अदालतहरुको कार्यबोझका आधारमा जनशक्ति नपुग भएको अवस्थामा सरुवा, काज तथा करारमा नियुक्त गरी तत्काल जनशक्ति पूर्ति गर्ने गरिएको,
- सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि अन्तिम समयसम्म विभिन्न पटक न्याय परिषद् बैठक राखी छलफल भएको, पुनरावदेन अदालतहरुमा कार्यरत अतिरिक्त न्यायाधीशहरुको पदावधी छ महिना थपिएको, २ वर्ष पुगेका र अन्यत्र सरुवा नगरी नहुने अवस्थाका पुनरावेदन तथा जिल्ला अदालतहरुका न्यायाधीशहरुको काज सरुवा गरिएको ।

### ३.११ न्यायपालिकाको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवं सुदृढीकरण

- समान प्रकृतिको न्यायप्रणाली अवलम्वन गर्ने न्यायपालिकाहरुसँगको संस्थागत सम्बन्ध विस्तारका लागि भारत, अमेरिका, बेलायत लगायतका देशका सर्वोच्च अदालतसँग संस्थागत सम्बन्ध विस्तारका लागि पहल गरिएकोमा ती अदालतहरुबाट सकारात्मक जवाफ प्राप्त भएको,
- प्रधान न्यायाधीशको तहमा रुसी महासंघ एवं भारतको औपचारिक भ्रमण गरी ती देशसँगको न्यायपालिकाको सम्बन्ध सुदृढ गरिएको,

### ३.१२ सुरक्षा प्रबन्धमा भएको पहल

- न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, मुद्दाका पक्ष, साक्षी, अदालत प्रयोगकर्ता र अदालत भवनहरुको सुरक्षा प्रबन्धका सम्बन्धमा गृह मन्त्री, न्याय मन्त्री, अर्थ सचिव, कानून सचिव, गृह सचिव र प्रहरी महानिरीक्षक लगायतका पदाधिकारीहरुसँग छलफल सम्पन्न भएको,
- छलफल भएअनुसार सुरक्षा प्रबन्धलाई थप प्रभावकारी बनाउन अदालतको समग्र सुरक्षा कार्ययोजना प्रस्तुत गर्न निर्देशन दिइएको,

### ३.१३ भूकम्पबाट उत्पन्न विपद्का कारण प्रभावित न्यायपालिकाको व्यवस्थापन

- २०७२ वैशाख १२ गते र २९ गतेको भूकम्प र तत्पश्चात्का पराकम्पहरुका कारण सर्वोच्च अदालतको मूल भवन क्षतिग्रस्त भई अदालत सञ्चालनका लागि अनुपयुक्त भएकोमा सर्वोच्च अदालत एनेक्स भवनमा इजलास निर्माण गरी मुद्दा सुनुवाई सुचारु गरियो । साथै नपुग इजलास एवं मुद्दा शाखाहरु सञ्चालनको लागि सर्वोच्च अदालतको परिसर र सिंहदरवा भित्र समेत पालको व्यवस्था गर्न र विभिन्न शाखाहरु सञ्चालन गरी समयमै विपद् व्यवस्थापन गरी अदालतका काम कारवाही सामान्यीकरण तर्फ उन्मुख रहेको छ ।
- सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि सिँहदरबार परिरसरमा नेपाल सरकारबाट प्राप्त जग्गामा नेपाली सेनाको घोडा राख्ने तबेला रहेकोमा उक्त परिसरबाट तबेलाको स्थानान्तरण गर्न र अन्य जग्गा अस्थायी संरचना निर्माणार्थ सर्वोच्च अदालतले प्राप्त गर्ने व्यवस्थाका लागि नेपाली सेनासँग समन्वय गरी प्राप्त भएको,

### ३.१४ वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता

- सम्माननीय प्रधान न्यायाधीशज्यू नेतृत्व भ्रमणदलले भारतको राजधानी नयाँ दिल्लीमा National Green Tribunal द्वारा आयोजित Global Environmental Issues विषयक सम्मेलनमा नेपालका तर्फबाट सहभागी भई Municipal Solid Wate Management विषयक प्राविधिक शत्रमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो,
- वातावरणीय न्यायका विषयमा नेपालको चासो र सक्रियता उल्लेखनीय रुपमा रहेको छ भन्ने सन्देश प्रवाह गर्न सम्मेलनमा भएको प्रतिनिधित्व महत्वपूर्ण रह्यो,

## ४. गर्न नसकिएका कामकारवाही र उत्पन्न व्यवधान एवं चुनौतीहरु

### ४.१ न्यायाधीश नियुक्ति

- सर्वोच्च अदालतमा मुद्दाको संख्यामा अत्यधिक बृद्धि भई यथासमयमा मुद्दा फछ्र्यौट हुन नसकेका कारण सेवाग्राहीहरुले न्याय प्राप्त गर्ने हकबाट वञ्चित हुनु परेको अवस्थालाई सम्बोधन गर्न सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको प्रक्रियालाई तीव्र रुपमा अघि बढाइएकोमा विभिन्न समयमा न्याय परिषद्को बैठक निष्कर्षविहीन हुन पुग्यो,
- २०७१ साल पौष १० गतेदेखि न्याय परिषद् बैठक बस्न प्रारम्भ भएको पुष देखि पटक पटक बैठक बसी नियुक्तिको प्रक्रिया प्रारम्भ गरिएकोमा २०७१ पौष २३ गते परिषद्का सदस्य उपेन्द्रकेशरी न्यौपानेले राजीनामा दिएसँगै प्रभावित बन्न पुगेको थियो,
- तत्कालिन समयमा न्याय परिषद् सदस्यको रिक्ततासँगै नेपाल बार एशोसिएशनले न्याय परिषद् सदस्य नियुक्तिका लागि यथासमयमा सिफारिस नगरेका कारण न्यायाधीश नियुक्तिले अपेक्षित गति लिन सकेन, परिणामस्वरुप सर्वोच्च अदालत, पुनरावेदन अदालत एवं जिल्ला अदालतमा न्यायाधीशको दरवन्दी रिक्त हुँदा समेत यथासमयमा न्यायाधीश नियुक्ति गर्न सकिएन ।

### ४.२ विविध चुनौती/समस्याहरु

- २०७२ वैशाख १२ गते र २९ गतेको महाभूकम्प र तत्पश्चात्का शक्तिशाली पराकम्पहरुका कारण अदालत भवनहरु क्षतिग्रस्त हुनुका साथै न्यायाधीश, अधिकृत, कर्मचारी एवं कानून व्यवसायीहरु समेत असामान्य अवस्थाबाट प्रभावित हुनु पर्‍यो । न्यायपालिकाको सुधार र सँस्थागत सुदृढीकरणको कार्यमा ट्रेड युनियनहरुको रवैया सदैव व्यवधानको रुपमा रहयो । अदालतमा कार्यरत केही गलत तत्व हावी भएका कर्मचारुहरुको असहयोगका कारण कतिपय कार्यहरुले अपेक्षित गति लिन सकेनन्,

- न्याय प्रशासनको समग्र कामकारवाहीमा सबै माननीय न्यायाधीश, अधिकृतहरु, कर्मचारी, कानून व्यवसायीले सहयोग गर्नुभएतापनि समय समयमा उत्पन्न हुने केही व्यवस्थापकीय र प्रशासनिक चुनौतीहरुका कारण अपेक्षित नतिजा हासिल हुन सकेन ।

अत्यमा, सर्वोच्च अदालतको प्रधान न्यायाधीशमा सम्माननीयज्यूको नियुक्ति पश्चात् उहाँले गर्नु भएका प्रतिवद्धतामा सल्लाह, सुझाव एवं सहयोग पुर्‍याउनु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु तथा पुनरावेदन अदालत, जिल्ला अदालत एवं न्यायिक निकायमा कार्यरत सम्पूर्ण माननीय न्यायाधीशज्यूहरु, अधिकृत, कर्मचारी तथा कानून व्यवसायीहरुमा सहृदय देखि नै हार्दिक धन्यवाद व्यक्त गर्नु भएको छ ।

मितिः २०७२।०३।२२ | सर्वोच्च अदालत